नेपाल राष्ट्र बैंक
वित्तीय संस्था सुपरिवेक्षण विभाग

आर्थिक वर्ष २०८१/८२ को तेस्रो त्रयमास अवधिमा इजाजतपत्रप्राप्त "ख" वर्गका विकास बैंक र "ग" वर्गका वित्त कम्पनी तथा संस्थाका अध्यक्ष, सञ्चालक र प्रमुख कार्यकारी अधिकृतलाई नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभागबाट गरिएको कारवाहीको विवरण

(ख) वित्त कम्पनीतर्फ :

क्र.स.	संस्थाको नाम/पदाधिकारी	चालु आ.व. २०८१/८२ मा कारवाही गरिएको पटक	मासिक व्याजदर अन्तर तोकिएको सीमाभित्र कायम नगरेकोले गरिएको कारवाही	नगद जरिबाना				नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० अन्तर्गत गरिएको कारवाही		
				तोकिएको उत्पादनशील (कृषि, उर्जा, लघु एवम् साना तथा मझौला) क्षेत्रमा कर्जा प्रवाह नभइ/न्यून भई लगाईएको हर्जाना (रु.)	विपन्न वर्ग क्षेत्रमा तोकिएभन्दा न्यून कर्जा प्रवाह भई लगाईएको हर्जाना (रु.)	अनिवार्य नगद मौज्दात नपुग भएकोले लगाईएको जरिबाना रकम (रु)	कर्जा-निक्षेप अनुपातको तोकिए को सीमा नाघेको ले लगाई एको हर्जाना (रु.)	सचेत गराईएको	नसिहत दिईएको	अन्य (नगद जरिबाना लगायत)
१.	**पोखरा फाइनान्स कम्पनी लि.**	प्रथम	-	-	-	संस्थाले २०८१ माघ १३ देखि २६ गते सम्मको अवधि (P15) मा नियामकीय व्यवस्था अनुसार कायम गर्नुपर्ने अनिवार्य मौज्दात रकम कायम नगरेको हुँदा विद्यामान व्यस्था बमोजिम रु.४६,७१८.२३ जरिबाना लगाइएको ।	-	-	-	-	-
२.	**पोखरा फाइनान्स कम्पनी लि.** - प्रमुख कार्यकारी अधिकृत, रविचन्द्र गुरुङ	-	-	-	-	-	-		-	यस बैंकले गरेको समष्टिगत स्थलगत निरीक्षणको प्रतिवेदनबाट औंल्याइएका कैफियतहरुका सन्दर्भमा संस्थाको समग्र व्यवस्थापनको प्रमुख जिम्मेवारीमा रहेका संस्थाको प्रमुख कार्यकारी अधिकृतले आफ्नो जिम्मेवारी पूरा नगरेको पाइएको सन्दर्भमा निजलाई

नेपाल राष्ट्र बैंक
वित्तीय संस्था सुपरिवेक्षण विभाग

आर्थिक वर्ष २०८१/८२ को तेस्रो त्रयमास अवधिमा इजाजतपत्रप्राप्त "ख" वर्गका विकास बैंक र "ग" वर्गका वित्त कम्पनी तथा संस्थाका अध्यक्ष, सञ्चालक र प्रमुख कार्यकारी अधिकृतलाई नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभागबाट गरिएको कारवाहीको विवरण

										स्पष्टिकरण सोधिएकोमा निजले पेश गरेको स्पष्टिकरण चित्तबुझ्दो नरहेकोले निज श्री रविचन्द्र गुरुङलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा (२) को खण्ड (ग) बमोजिम रु.५ लाख जरिवाना गरिएको ।
३.	**पोखरा फाइनान्स कम्पनी लि.**	-	-	-	-	-	-		-	२०८१ पुस मसान्तमा संस्थाको निष्कृय कर्जा ३३.४४ प्रतिशत रहेको तथा न्यूनतम पुंजीकोष अनुपात नियामकीय मापदण्ड बमोजिम नरहेकोले संस्थाको वित्तीय परिसूचकहरु ६ महिना भित्र यस बैंकको निर्देशन बमोजिम कायम गर्नुपर्ने शर्त सहित संस्थालाई बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०७४ को विनियम ३ को खण्ड (ग) बमोजिमका शीघ्र सुधारात्मक सम्बन्धी कारवाहीहरु गरिएको ।
४.	**जानकी फाइनान्स लि.**	-	-	-	-	-	-	-	-	२०८१ मंसिर मसान्तमा संस्थाले न्यूनतम पुंजीकोष अनुपात नियामकीय मापदण्ड बमोजिम नरहेकोले संस्थालाई बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०७४ को विनियम ३ को खण्ड (ग) बमोजिमका शिघ्र सुधारात्मक सम्बन्धी कारवाहीहरु गरिएको ।

नेपाल राष्ट्र बैंक
वित्तीय संस्था सुपरिवेक्षण विभाग

आर्थिक वर्ष २०८१/८२ को तेस्रो त्रयमास अवधिमा इजाजतपत्रप्राप्त "ख" वर्गका विकास बैंक र "ग" वर्गका वित्त कम्पनी तथा संस्थाका अध्यक्ष, सञ्चालक र प्रमुख कार्यकारी अधिकृतलाई नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभागबाट गरिएको कारवाहीको विवरण

५.	**गोर्खाज फाईनान्स लि.** गौरव बुढाथोकी, संचालक समिति अध्यक्ष युवराज राई, संचालक समिति सदस्य नरेन्द्र कुमार अग्रवाल, संचालक समिति सदस्य नीलम बोहरा, संचालक समिति सदस्य कल्पना खापुङ्ग, संचालक समिति सदस्य							संस्थाले प्रमुख कार्यकारी अधिकृत पद रिक्त भएको तीन महिनाभित्र अनिवार्य रुपमा पदपूर्ति गरिसक्नुपर्ने व्यवस्थाको पालना नगरेको , सञ्चालकहरु बिचमा आपसी समझदारी नभई संस्थाको कार्य वातावरण विग्रने अवस्था सिर्जना भएको, विभिन्न सरोकारवाला नियामक निकायमा पटक पटक प्राप्त भएको उजुरी/गुनासो प्रति सञ्चालक समिति संवेदनशील नभएको, आफैंले तर्जुमा गरेको कार्यविधि बमोजिम प्रमुख कार्यकारी अधिकृत नियुक्त नगरेको लगायतका अवस्थाले संस्थागत सुशासन कमजोर भई संस्था प्रभावकारी रुपले संचालन नभएकोले संस्थाको संचालक समिति तथा संचालक समिति सदस्यहरुलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा (२) को खण्ड (क) बमोजिम सचेत गराइएको ।		